जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- १, २०८२ साउन ८ गते विहीबार, 24 Jun 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

प्रकाशकीय

हामी १४ औं वर्ष प्रवेश

संघर्षमय यात्रामा आजबाट हामी १३ औं वर्ष पार गरेर १४ औं वर्षमा प्रवेश गरेका छौं । सूचनाको हक आम नागरिकको हकको रूपमा स्थापित गर्नमा हातेमालो गर्ने अभिलाषामा हामी यहाँहरूसँग जोडिएका थियौं । आज पनि हाम्रो सहयात्रा सूचनाबाट शुसूचित हुने हक र सूचनामा पारदर्शिता नै हो । अहिले भ्रष्टाचार, बेथिति, अन्याय, अत्याचार बढीरहेको दावा एकातिर छ भने, त्यसका विरूद्ध देशमा केही राम्रो भइरहेको छ भन्ने आशाका किरणहरू पनि प्रसस्तै देखिदै छन् । हामी त्यही आशाको किरणहरू बढीरहेको हेर्न चाहन्छौं, सरकारलाई सुशासनको लागि आफ्नो तर्फबाट सहयोग गर्न तत्पर छौं, साथै सुशासन विरूद्धका गतिविमिथि हाम्रो निगरानी, खबर दारी सदा रहन्छ ।

आर्थिक मन्दीको कारण देशको हरेक तह आक्रान्त भएको बेला हामी समृद्धिको खोजिमा लम्किरहेका छौं । आमसर्वसाधारणको दैनिकी आर्थिक रूपमा कष्टकर बन्दै आएको बेला सर्वसाधारणलाई जीवनको हरेक तक र तप्काहरूमा सिर्जनशील हुन प्रेरित गरिरहन्छौं । हामीले यतिमात्रै गरेर पुग्दैन अर्थतन्त्रमा कसरी सुधार ल्याउने बहस जरूरी छ ।

राजनीतिक रूपमा विषम परिस्थिती हुँदाको पल हामीले सहीखबर साप्ताहिकको प्रकाशन सुरू गरेका थियौ । आर्थिक तथा सामाजिक विकासलाई राजनीतिले नेतृत्व गर्न नसकेकोले राजनीतिक स्थिरताको लागि हामीले दबाब दिंदै आयौ । संगसंगै महिलालगायत सिमान्तकृत समुदायको अग्रसरताको लागि हामीले मार्गदर्शन प्रदान गर्दै आयौ । यस धर्तीमा सबैले समान रूपमा बाँच्न र आफ्नो अस्तित्वलाई मर्यादापूर्ण र जिवन्त राख्न पाउनु पर्छ भन्ने फराकिलो सोच हाम्रो मुख्य एजेण्डाको रूपमा रह्यो र रहनेछ ।

१३ वर्षको यात्रा पुरा गर्दै गर्दा हामीले धेरै तीता मिठा अनुभुतिहरू संगालेका छौ, र ति अनुभुतीहरूलाई सम्हालेर राखेका छौ । राजनीतिक विषम परिस्थितिमा जन्मेको सहीखबर साप्ताहिक यहाँहरूको माया ममतामा पुलोकित हुँदै आजको यात्रासम्म आएको हो । रहरलाई जिम्मेवार बनाउँदै हामीले आमनागरिकको सूचनाको हकलाई व्यवहारीक बनाउने प्रयत्नलाई जारी राख्यौ । जस्तोसुकै विषय परिस्थितीमा पनि सहीखबर साप्ताहिकले आफुलाई ज्युँदो राख्न सफल भएको छ, र जिम्मेवारी पूर्णरूपमा निर्वाह गर्दै आएको छ । समय सापेक्ष हामी पत्रिकामा मात्रै सिमित छैनौ, अनलाइन, सामाजिक सञ्जाल (फेसबुक, फेसबुक पेज, युट्युब च्यानल) मा समेत हामी उपलब्ध छौ । प्रकाशन सुरू गरेदेखि नै राजनीतिक विषय वस्तुलाई भन्दा सामाजिक विषय वस्तुलाई प्राथमिकतामा राख्दै आएका छौं । यो सहीखबरको आफ्नो पहिचान पनि हो । समतामुलक समाज निर्माण, महिला सशक्तिकरण, महिला अधिकार, सामाजिक न्याय, मानव अधिकार, बाल अधिकार, समाजको सकारात्मक रूपान्तरणमा जस्ता क्षेत्रमा आम सञ्चारको तर्फबाट झकझक्याउने हाम्रो अभियान जारी छ ।

यो सुखद अवसरमा हामी हाम्रा आदरणीय सहयोगी मनहरू, हाम्रा स्तम्भकारहरू, विज्ञापन दाताहरू, पाठक वर्गहरू, हामीसँग प्रत्यक्ष परोक्ष रूपमा जोडिनु भएका असाध्यै प्रिय शुभचिन्तकहरू, हाम्रो यात्राको होस्टेमा हैसें गरी सहयोग गर्नुहुने अग्रज, तथा समकक्षी र अनुज सबै सञ्चारकर्मीहरूप्रति हार्दिक आभार । आगामी यात्रामा पनि यहाँहरूको यस्तै अमिट सहयोग सहकार्यको अपेक्षा राख्दछौं । धर्तीका सबैको अस्तित्वलाई बचाउँन फराकिलो सोचको विकासमा लागि पर्न र खबरदारी गर्न हामीलाई सदा बल र आशिर्वाद प्राप्त होस् । हाम्रो यात्रा जारी रहनेछ ।

बागमतीमा पर्यटन सवाल कमजोर



सहीखबर संवाददाता

समय सापेक्ष नीति,विधि खै

मकवानपुर । पर्यटनलाई आर्थिक समृद्धिको एउटा आधारको रूपमा लिने गरिन्छ । आन्तरिक तथा बाह्य पर्यटनको कारण फस्टाउने होटल व्यवसाय, विभिन्न घरेलु तथा साना उद्योगहरू, तथा सास्कृतिक, जीवनशैलीको पाटोमा पर्यटन महत्वपूर्ण पाटो हो ।

नेपालमा प्राकृतिक रूपमा नै पर्यटनको लागि बरदान प्रदत्त छ । प्रकृतिको मनोरमा व्यवस्थापनको पाटोलाई समय सापेक्ष व्यवस्थित गर्न सकियो भने पर्यटन लोभ्याउन नेपालमा सकस छैन । तर समस्या नीति र विधिमा रहने गरेको छ । स्थानीय स्तरदेखि राष्ट्रिय स्तर सम्म सबै तहको विकासमा उस्तै रफ्तार रहोस् भनेर सांघीय व्यवस्था लागु गरिएको हो । जसमा स्थानीय तह, प्रदेश तहले पनि आ आफ्नो क्षेत्रको विकासको लागि स्थानको पहिचान, व्यवस्थापन, सहजिकरण गरिदिन सक्नेछन् । यसको लागि सबैभन्दा पहिलो सर्त बन्न आउँछ प्रभावकारी नीति । बागमती प्रदेश सरकारको पर्यटन प्रवर्द्धनका लागि प्रभावकारी नीति अवलम्बन गर्न नसकेको सरोकारवाला बताउँछन् । प्रदेश सरकार स्थापनाको ८ वर्षको अवधिसम्म पर्यटन प्रवर्द्धनका नाममा पूर्वाधार विकासमै सीमित देखिएको उनीहरुको भनाइ छ ।

प्रदेश सरकारले पर्यटन प्रवर्द्धनका लागि अनिवार्य रहेका विविध सांस्कृतिक, प्राकृतिक, ऐतिहासिक र धार्मिक सम्पदाको विकास र विस्तारमा काम गर्न सकेको देखिँदैन । दिगो र उत्तरदायी पर्यटन, पर्यावरणीय संरक्षण, स्थानीय संस्कृति र समुदायको सम्मान, दीर्घकालीन सोचमा आधारित प्रवर्द्धन, बजार मुखी रणनीति, साहसिक, धार्मिक, सांस्कृतिक क्षेत्रको प्रवर्द्धनमा प्रदेश सरकारले खासै ध्यान दिएको छैन ।

प्रदेशको पर्यटकीय विशेषता उजागर गर्ने स्पष्ट र फरक उत्पादनको ब्रान्डिङ, विश्वस्तरीय नारा, लोगो, र कन्सिस्टेन्ट सन्देश विकास गर्न प्रदेश सरकारले नसकेको सरोकारवाला बताउँछन् । सरकार का वेबसाइट पनि पर्यटनमैत्री बन्न सकेका छैनन् भने प्रचार प्रसारका लागि तयार गरिएका सामाजिक सञ्जाल, मोबाइल एप्स पनि प्रभावकारी छैन ।

बागमती प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालयको वेबसाइटमा कर्मचारी विवरण र केही औपचारिक जानकारीबाहेक प्रदेशमित्रका पर्यटकीय क्षेत्र, सांस्कृतिक महत्वका क्षेत्र र विशेषता लगायतबारे कुनै जानकारी समावेश छैन । सूचना तथा प्रविधिको यो युगमा आन्तरिक तथा बाह्य पर्यटकहरु सरकारी निकायका वेबसाइटमा उपलब्ध जानकारीका आधारमा घुम्ने योजना बनाउँछन् ।

व्यावसायिक हितलाई केन्द्रमा राखेर निजी क्षेत्रले उपलब्ध गराउने जानकारीका तुलनामा सरकारी निकायबाट उपलब्ध जानकारीमा मानिसको विश्वास बढी हुन्छ ।

सूचना प्रविधिको यो युगमा पर्यटकहरु सामाजिक सञ्जाल, वेबसाइटका लागि विद्युतीय माध्यमबाट होटल तथा बस हवाई टिकट बुकिङ गर्दछन् । तर बागमती सरकारले पर्यटन प्रवर्द्धनका लागि डिजिटल पहुँच विस्तार तथा मार्केटिङमा ध्यान दिएको छैन । होमस्टे, ग्रामीण पर्यटनलगायतमा स्थानीय नागरिकको प्रत्यक्ष संलग्नताका विषय प्रदेश सरकारको प्राथमिकतामा छैन ।

प्रदेश सरकार स्थापनाको ८ वर्षसम्म यि पाटोमा किन काम भएनन् होला ? मन्त्रालयका सचिव दीपेन्द्र सुवेदी नयाँ वेबसाइट निर्माणको काम बल्ल भइरहेको बताउँछन् । वेबसाएट निर्माण सकिएपछि डाटा इन्ट्रीको काम हुने र अपेक्षाकृत सबै सूचनाहरू व्यवस्थित हुने उनी बताउँछन् ।

प्रदेश सरकारले पर्यटन प्रवर्द्धनका लागि २ पटक प्रदेश भ्रमण तथा घुमफिर वर्ष घोषणा गर्‍यो । तर नतिजा प्रभावकारी भएन । २०७७ मा प्रदेश सरकारले पहिलो पटक बागमती घुमफिर वर्ष घोषणा गरेको थियो भने २०८० मा बागमती भ्रमण वर्ष घोषणा गरेको थियो । तर , लक्ष्य अनुसार काम गर्न नसक्दा सरकारका दुवै कार्यक्रम प्रभावविहीन बनेको थियो ।

बागमती प्रदेश सरकारले पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि २०७८ मै छुट्टै मन्त्रालय गठन गरेर काम सुरू गरेको हो। भागबण्डाका लागि मन्त्रालय विभाजन गरी सङ्ख्या बढाइएको आरोप सुरूदेखि नै लाग्दै आएको थियो । २०७८ कात्तिकदेखि बागमती सरकारले संस्कृति तथा पर्यटन मन्त्रालय खडा गरी संस्कृति र

बाँकी पेज ३ मा

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

लागु औषधको बिगबिगी

लागु औषध किनबेच र प्रयोग गैरकानूनी हो । तर यसको कारोवारमा संलग्न भएको कारण युवाहरू जीवनको अध्याँरो यात्रामा पुग्ने गरेका छन् । सडक सञ्जालले घेरिएको मकवानपुर छिमेकी मुलुक भारतको सीमानाका रक्सौलबाट पनि नजिकै छ। जसले गर्दा यहाँ लागु औषध कारोबार गर्नेहरु धेरै सल्बलाउने गरेका छन्। जिल्लाकै विभिन्न स्थानमा लागुऔषध गाँजा र अफिमको उत्पादन अभिश्राप बन्ने गरेको छ । जसले मकवानपुर मा लागुऔषध कारोवार गर्ने र सेवन गर्नेहरूको सक्रियता बढीरहेको देखिन्छ ।

जिल्लामा उत्पादन भएको लागु औषध अन्यत्र जाने र बाहिर उत्पादन भएको लागु औषध पनि मकवानपुर हुँदै ओसारपसार हुने गरेको प्रहरी अनुसन्धानले देखाएको छ। वर्षौदेखि मकवानपुर लागु औषध कारोबारको 'ट्रान्जिट' बन्दै आएको छ, तर नियन्त्रणमा प्रहरी प्रशासनको बल पुगेको देखिदैन। लागु औषध कारोवारकर्ताहरू सधैं उम्कने र सानातिना भरियाहरू मात्रै प्रहरीको नियन्त्रणमा पुग्ने पुरानै परिपाटी छ । एकाध मध्यस्थकर्ता कारावारीहरू प्रहरीको फन्दामा पर्छन, तर तिनीहरूलाई नै समाएर मुख्य कारोवार कर्तासम्म प्रहरी किन पुग्न सक्दैन? प्रहरीमाथि यि र यस्ते कारण आमसर्वसाधारणले शंका गर्ने गरेका छन् ।

जिल्ला प्रहरी कार्यालयको तथ्यांक अनुसार मकवानपुरमा गत आर्थिक वर्ष २०८१/८२ मा लागु औषध सम्बन्धि मात्रै १ सय ८८ वटा मुद्दा दर्ता भएका छन्। गत आर्थिक वर्षमा जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी कार्यालयहरूमा विभिन्न शीर्षकमा १ हजार ७२ वटा मुद्दा दर्ता भएका छन् भने ९ सय २८ जना पक्राउ परेका छन्। यो तथ्याङ्कलाई छोड्याउन प्रहरीले दबाब र प्रभावमा नपरी आफ्नो कर्तव्य पुरा गरोस्, प्रशासन र राजनीतिक दबाबको कारण दोषिहरू उम्कने परिपाटीको अन्तय होस् ।

'इमोशनल लिटरेसी'मा काम गरौं

मानिसको जीवनमा कुनै न कुनै प्रकारको भावनात्मक दु:ख या खुसी चलिरहेकै हुन्छ । वरिपरि हतियारले सुसज्जित सुरक्षाकर्मीका साथमा हिँडेका राष्ट्र या सरकारप्रमुख, सेना या प्रहरीप्रमुख, मन्त्री या यस्तै ओहदामा हुँदैमा ती मानिस भावनात्मकरूपमा सुरक्षित छन् भन्न मिल्दैन । चोट, पीडा या खुसीबाट मुक्त मान्छे भेट्न गाह्रो छ

बबिता बस्नेत



मानिसको जीवनमा धेरै कुराले महत्व राख्छ, त्यसमध्ये सबैभन्दा बढी भावनात्मक सुरक्षा र असुरक्षाले राख्छ । विश्वमा धेरै घटनाहरु भावनात्मक असुरक्षाका कारण भएका छन् । सर्वसाधारणदेखि धेरै ठुला ओहदामा पुगेकाहरु सम्मलाई भावनात्मक स्वास्थ्य र सुरक्षाले फरक पारिरहेको हुन्छ । मान्छेको मन र मष्तिष्कमा कतिबेला के कुरा झट्ट आउँछ भन्नै सकिन्न । एउटा काम गर्दागर्दै मष्तिष्कमा अर्कै कुरा आइदिन सक्छ । महाभारतमा उल्लेख भएअनुसार यक्ष प्रश्नमा युधिष्ठिरलाई यक्षले गरेका प्रश्न मध्ये एक थियो । 'यो संसारमा सबैभन्दा तीव्र गतिमा दौडिन सक्ने के हो ?' युधिष्ठिरको जवाफ थियो 'मन' ! मन र मष्तिष्कको तालमेल गर्न सकिएन भने जीवनको बाटो असहज हुनपनि सक्छ । तथापि, जीवनमा कहिले मन हाबी भइरहेको हुन्छ त कहिले मष्तिष्क । कहिलेकाहीँ मनले गर भनेको कुरा मष्तिष्कले रोकिदिन्छ, कहिले मष्तिष्कले निर्देश गरेको कुरा मनले यो त हुँदैन भनिदिन्छ । हामीले गहिरिएर नसोचेका मात्रै हौं, यस्तो हामीलाई जीवनमा पटक पटक पर्दै आएको छ ।

देशको प्रधानमन्त्री हुन या राष्ट्रपति, सार्वजनिक जीवन बाँचिरहेको मानिस होस् या नितान्त व्यक्तिगत जीवन बाँचिरहेका मानि, तपाईं कस्तो 'रटेट आफ माइण्ड'मा हुनुहुन्छ भन्ने कुराले अर्थ राख्छ । तपाईंको 'इमोशनल हेल्थ' राम्रो छैन भने तपाईंले गर्ने निर्णयहरु गलत पनि हुनसक्छन् । रून्, हाँस्नु, पीडा या खुशी महसूस गर्नु इमोशन अर्थात् भावनात्मक अवस्थासँग जोडिएका कुरा हुन् । मानिसको जीवनमा कुनै न कुनै प्रकारको भावनात्मक दु:ख या खुशी चलिरहेकै हुन्छ । वरिपरि हतियारले सुसज्जित सुरक्षाकर्मीका साथमा हिँडेका राष्ट्र या सरकारप्रमुख, सेना या प्रहरीप्रमुख, मन्त्री या यस्तै ओहदामा हुँदैमा ती मानिस भावनात्मकरुपमा सुरक्षित छन् भन्न मिल्दैन । चोट, पीडा या खुशीबाट मुक्त मान्छे भेट्न गाह्रो छ । जति सुख भोग्ने ठाउँमा पुगोस्, यदि उसले सानो छँदा धेरै दु:ख पाएको रहेछ भने ति दृष्यहरु बाट उ ठाढा रहन सक्दैन । भावनात्मक स्वतन्त्रता मानिसको जीवनमा निकै ठुलो कुरा हो । दु:ख, सुख, खुशी, पीडालगायतका कुरालाई व्यवस्थापन गर्न सक्नु भावनात्मक स्वतन्त्रता हो । जुन ठाउँसम्म पुग्न मानिसले धेरै ठुलो मेहनत गर्नुपर्ने हुन्छ ।

मनमा परेको चोटलाई कसरी व्यवस्थापन गर्ने ? जीवनमा सहनै गाह्रो हुनेगरी अकस्मातै केही कुरा आइलाग्यो भने कसरी सम्हालिने ? नकारात्मक प्रतिक्रियालाई कसरी हेण्डल गर्ने ? अरूले नराम्रो गरे भने त उनीहरुलाई रोक्न दायरा बनाउँला, आफूले आफैलाई नराम्रो गर्दा त्यस्ता कुरालाई रोक्नका लागि सीमा कसरी तय गर्ने ? तारबार कसरी लाउने ? प्राय: हामी अरूले आफूमाथि गरेको नराम्रो व्यवहारको चर्चा गर्छौं । तर आफूले आफैलाई हानी हुने काम कति गरिरहेका हुन्छौं, जसको चर्चा हामी गर्दैनौं । भावनात्मक साक्षरता अर्थात् 'इमोशनल लिटरेसी'मित्र यी र यस्तै कुराहरु पर्छन् ।

हामी प्राय: मिडिया लिटरेसी, डिजिटल लिटरेसी, फाइनान्सियल लिटरेसी लगायतका कुरामा चर्चा गरिरहेका हुन्छौं । तर, इमोशनल लिटरेसीको कुरा गर्दैनौं । विगतमा धेरै आवश्यक थिएन होला तर समयक्रममा अहिले परिवारसँगै भएको मानिसले पनि एक्लो महसूस गर्दै जीवन समाप्तिसम्मको गलत निर्णय लिएका घटनाहरु बढ्दै गएकाले भावनात्मक साक्षरताको आवश्यकता देखिएको छ ।

आफूलाई के भइरहेको छ, कस्तो कुराले असर गरिरहेको छ भन्ने कुरा थाहा पाउनु, बुझ्नु, व्यक्त गर्नु, व्यवस्थापन गर्नु जस्ता कुराको जानकारी भावनात्मक साक्षरतामित्र पर्छन् । दु:ख, सुख, खुशी मात्र होइन रीस, इर्ष्या, डर, भय, त्रास सबै भावनात्मक कुरा हुन् । मृत्युको त्रास, आफन्त या आफ्नो नजिकको मान्छे गुमाउने भय, असफलताको डर जीवनमा केही न केही त भइ नै रहेको हुन्छ । सफलता र असफलता कुनै पद या ओहदासँग नभएर तिमीले यो संसारलाई हेर्ने दृष्टिकोणसँग सम्बन्धित छ भनेर बुझाउने मान्छे कमै भेटिन्छन् । करौलाई ठुला ठुला पदमा पुग्दा यो केवल उत्तर दायित्व मात्रै हो भन्ने लाग्नसक्छ । कतिलाई त्यही ठाउँ पुग्दा संसारै पाएझैं लाग्न सक्छ । तपाई कुन धरातलमा उभिएर सोच्नुहुन्छ त्यसमा भर पर्छ । जिन्दगीमा अहिलेसम्म लागेको सबैभन्दा गाह्रो कुरा मानिसको सोच बदल्नु नै हो । हामीले धेरै कुरामा काम गर□यौं, गरिरहेका छौं, अब सोचमा काम गर्नु आवश्यक छ ।

जिन्दगीमा असाध्यै दु:ख हुँदा कसरी सहने, जीवनमा अकस्मातै के कस्तासम्म नसोचका कुराहरु आइपर्न सक्छन् भन्ने कुरा बुझाउन र मानसिक रुपले तयार गराउन हाम्रा पुर्खाले विभिन्न कथाको सिर्जना गर्थे । राजा महाराजाहरुले कसरी सडकको बास भोग्नु पर्‍यो भन्ने सन्देश दिने जीवनीहरु तयार गर्थे । भर्तृहरिको कथा होस् या सुनकेशरी रानीको यी सबै दुखलाई व्यवस्थापन गर्न सिकाउने सिर्जना हुन् । त्यतिबेला अहिलेजस्तो पाठ्यक्रम नै बनाएर पढाउने स्कुल कलेजहरु थिएनन्, तर अहिले छन् । भावनात्मक साक्षरता स्कुलको पाठ्यक्रममै राख्नु आवश्यक छ । सानैदेखि सिकायो भने परिस्थिति सहाल्न मानिसलाई त्यति कठिन हुँदैन जति कठिनाइ एक्कासी आइलाग्दा पर्छ ।

स्वचेतना, स्वजागरण जस्ता कुराहरुले हाम्रा पाठ्यक्रममा स्थान पाएका छैनन् । 'स्वास्थ्य शिक्षा'मा पनि हामीकहाँ प्राय: शारीरिक स्वास्थ्य पढाइन्छ । भावना, मानसिकता जस्ता कुराहरु भन्दा शरीर लाई महत्व दिइएको छ । शरीरको बारेमा जान्नु आवश्यक छ, साथै भावनात्मक र मानसिक स्वास्थ्यलाई पनि महत्व दिनु त्यत्तिकै जरूरी छ । प्राय: लेख्ने, बोल्ने गरेको कुरा एक पल्ट फेरि दोहोर्‍याउँछु हामीलाई सानैदेखि अरूलाई कस्तो व्यवहार गर्नुपर्छ भनेर सिकाइयो तर आफैसँग कस्तो व्यवहार गर्ने भन्ने सिकाइएन । फलत: हामी आफूले आफैलाई जोखिममा पुर्‍याउने क्रियाकलाप गरि रहेका हुन्छौं । भावनात्मक साक्षरतामा आफूले आफैलाई गर्ने व्यवहार प्रमुखरुपमा रहन्छ । राम्रो र सहज बनाइसकेपछि आफूलाई जे गर्दा राम्रो लाग्छ अरूलाई त्यस्तै व्यवहार गरे भइहाल्यो। जुन कुरा घर, पाठशाला, कुराकानी, छलफल सबैतिर चर्चा गर्दा हुन्छ ।

तपाई 'हामीमध्ये जो कोही जति ठुलो र शक्तिशाली पदमा पुगेपनि, जति धेरै नाम कमाएपनि आफ्नो भावनालाई नियन्त्रण गर्न सकेनौं भने सबैभन्दा कमजोर मानिस हौं । भावनालाई नियन्त्रण गर्न र मानसिकरुपले सवल हुनका लागि प्रत्येक दिन आफूले आफैमा काम गर्नुपर्ने हुन्छ । अरूलाई यस्तो बन्नुपर्छ उस्तो बन्नुपर्छ भनेर उपदेश दिन राजिलो भएपनि आफूले आफैलाई बनाउन त्यति सहज मने छैन । सकारात्मक व्यवहार अरूलाई मात्र होइन आफैलाई पनि गर्नुपर्छ । बिहानैदेखि मन र मष्तिष्कमा राम्रा राम्रा सोचहरु ल्याउनु, अरूलाई दु:ख हुने काम नगर्नु पनि आफूलाई राम्रो गर्नु हो । लामो समय न्युयोर्क टाइम्समा साइन्स जर्नलिष्टको रुपमा काम गरेका इमोशनल इन्टेलिजेन्स पुस्तकका लेखक डानियल गोलम्यानले भनेका छन्, 'पैसाले मात्रै जिन्दगी सहज हुँदैन । साथमा धन, सम्पत्ति टन्ने हुनेहरुले पनि आफूले आफैलाई प्रेरित गरिरहनु पर्छ, आफूवरिपरिको परिवेश सौहार्द्रपूर्ण नहुञ्जेलसम्म जीवन सहज हुँदैन । त्यो परिवेश बनाउनेचाहिँ आफूले नै हो ।'

अन्त्यमा, देशका लागि राजनीतिक स्थिरता जति आवश्यक छ, मानिसको जीवनमा भावनात्मक स्थिरता त्यत्तिकै जरूरी छ । भावनात्मक स्थिरताका लागि हरेक तह र तप्कामा छलफल गरौं, स्थानीय तहदेखि नै भावनात्मक साक्षरताको सुरूवात गरौं ।

घटना र विचारबाट सामार

सवारी दुर्घटनाले असुरक्षित बन्दै जीवन यात्रा

○सहीखबर संवाददाता

मकवानपुर। यात्रा जीवनको अनिवार्य पाटो हो । यात्राको कुनै दुङ्गो हुदैन ।सुरक्षित यात्राको अभावले यात्रा गर्दा गर्दै कतिपयको जीवन यात्रा नै पूर्ण विराम लाग्ने गरेको छ ।

यस्तै भएको छ, मकवानपुरमा गत आर्थिक वर्ष २०८१/०८२ मा ५० जनाको । यात्राकै क्रममा उनीहरूको ज्यान गएको छ । गत वर्ष ४०८ वटा दुर्घटनामा ५० जनाको मृत्यु भएको, १६३ जना गम्भीर घाइते तथा ८०२ जना सामान्य घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

गत आर्थिक वर्षमा १ हजार ७५ वटा मुद्धामा ९२८ जना अभियुक्त पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयको तथ्याङमा छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक श्यामु अर्यालका अनुसार जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी इकाइहरूले अपराध अनुसन्धान, लागुऔषध नियन्त्रण, अवैध कारोबार नियन्त्रण, फैसला कार्यान्वयन तथा ट्राफिक व्यवस्थापनका अभियान अन्तर्गत उनीहरूलाई पक्राउ गरिएको हो ।

लागु औषध सम्बन्धी १८८ वटा मुद्धामा २८९ जना व्यक्तिहरुलाई पक्राउ गरिएको उनले बताए । उनका अनुसार पक्राउ परेका मध्ये २७६ जना नेपाली



नागरिक तथा १३ जना विदेशी नागरिक रहेका छन् । सो अवधिमा प्रहरीले ६ हजार ४ किलो गाँजा, ५१ किलो ७१० ग्राम चरेश, २६ किलो ८८० ग्राम अफिम, ६२८ बोतल कोरेक्स, ९५ हजार ३६१ थान ट्रामाडोल तथा नाइट्रामेटर ट्याबलेट/क्याप्सुल, २ हजार ७५७ एम्पुल डाईजेपाम, ४७६ ग्राम खैरो हेरोइन बरामद गरेको तथ्याङले बताउँछ । उक्त घटनामा संलग्न ५५ वटा सवारी साधनसमेत नियन्त्रणमा लिइएको प्रहरी प्रवक्ता अर्यालले जानकारी दिए ।

यसैगरी अवैध मन्सार छलि नियन्त्रण अभियानअन्तर्गत प्रहरीले १६ करोड १७ लाख ७४ हजार २३ रूपैयाँ बराबरको सामान नियन्त्रणमा लिएको छ ।जसमा २ करोड ५९ लाख १९ हजार रूपैयाँ बराबरको लत्ता कपडा तथा खाद्यान्न, ८ किलो ७३५ ग्राम १४३ मिलिग्राम (१२, करोड १७ लाख २७ हजार ५०६ रूपैयाँ) सुन, २ किलो १९६ ग्राम (३ लाख ६६ हजार ५४९ रूपैयाँ) चाँदी, १० थान सवारी साधन (७० लाख ८१ हजार रूपैयाँ) र ६२ लाख ९० हजार ३५ रूपैयाँ बराबरको अवैध मुद्रा समेत नियन्त्रणमा लिइएको उनले बताए ।

सो अवधिमा सवारी कारवाही ३० हजार ३४ वटा बाट २ करोड ४१ लाख ४५ हजार रूपैयाँ राजस्व संकलन भएको प्रहरीको तथ्याङ्कमा उल्लेख छ ।

प्रहरी प्रवक्ता अर्यालका अनुसार उक्त अवधिमा फैसला कार्यान्वयनतर्फ १८३ जना फरार प्रतिवादी पक्राउ गरिएको छ । सोही अवधिमा १ करोड २१ लाख ७३ हजार ८०५ जरिवाना असुल गरिएको छ भने ९९ वर्ष ११ महिना २३ दिन कैद सजाय कार्यान्वयनमा ल्याइएको छ ।

यस्तै अवैध गिट्टी(बालुवा उत्खनन् नियन्त्रणतर्फ १९५ वटा कारबाहीहरू गरिएको उनले बताए । जसमा १६२ वटा ट्रयाक्टर, ३१ वटा टिप्पर र २ वटा स्कामेटर संलग्न रहेको उनले जानकारी दिए । उक्त घटनामा संलग्न भएकाबाट ११ लाख १५ हजार ५०० रूपैयाँ बराबरको राजस्व संकलन गरिएको छ ।

गत आर्थिक वर्षको अवधिमा मादक पदार्थ सेवन (मादक पदार्थ सेवन)मा ८४४ जना र लागू पदार्थ सेवनमा २१ जनामाथि मुद्दा दर्ता गरिएको छ भने प्रहरीले १२० बिगाहा ४ का क्षेत्रफलमा लगाइएको गाँजा र ३९ बिगाहा १४ का अफिमको खेती नष्ट गरेको उनले बताए ।

यस अभियानमा ४२१ जना प्रहरी परिचालित गरिएको बताइएको छ ।

बागमतीमा पर्यटन ..

पेज १ को बाँकी

पर्यटनको क्षेत्रमा काम गर्दै आएको हो ।

बागमती सरकारले तत्कालीन समयमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहेर २०७४ देखि पर्यटन प्रवर्द्धनको क्षेत्रमा काम गर्दै आएको थियो । २०७८ सम्ममा यो मन्त्रालयको जिम्मेवारी ३ जना मन्त्रीले सम्हालेका थिए । संस्कृति तथा पर्यटन मन्त्रालय गठन भइ हालसम्म ५ जना मन्त्रीले जिम्मेवारी पाइसकेका छन् ।

मन्त्रालयका सचिव सुवेदीका अनुसार प्रत्यायोजित अधिकारका आधारमा मन्त्रालयले हाल क्षेत्रीय पर्यटन, भाषा, संस्कृति र धार्मिक सम्पदाको संरक्षण तथा प्रवर्द्धनका काम गर्दै आएको छ । पर्यटन विकास, भाषा, लिपि, धर्म, संस्कृति, ललितकला, पुरातत्व सम्पदाको संरक्षण तथा प्रवर्द्धन र गुठीसम्बन्धी कामकाजका लागि नीति, कानुन र मापदण्ड निर्माण तथा कार्यान्वयन गर्ने मन्त्रालयको प्रमुख दायित्व रहेको उनको भनाइ छ ।

मन्त्रालयको प्रमुख जिम्मेवारी पूरा गर्न प्रदेश पर्यटन ऐन २०७८, धार्मिक तथा सांस्कृतिक संस्थालाई अनुदान कार्यविधि २०८१, सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्च कार्यविधि २०८१, पूर्वाधार निर्माण योजना कार्यान्वयन कार्यविधि २०८१, स्रष्टा सम्मान कार्यविधि २०८१, स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीलाई शोध कार्यमा सहयोग कार्यविधि २०८१ निर्माण गरी कार्यान्वयनमा ल्याएको सचिव सुवेदीले जानकारी दिए ।

मन्त्रालयको प्रमुख उपलब्धिका रुपमा प्रदेश सरकारी कामकाजी भाषा ऐन २०८० निर्माण र कार्यान्वयनलाई लिइएको छ । मन्त्रालयले नयाँ पर्यटन गन्तव्य पहिचान, ब्रान्डिङ र गुरूयोजना निर्माणमा अनुसन्धानलाई प्राथमिकतामा राखेको सचिव सुवेदीले दाबी गरे । उनका अनुसार झरना तथा जलाधार क्षेत्रमा पर्यटन सम्भाव्यता अध्ययन, डोल्मा खाङ हिमाल (सिन्धुपाल्चोक) मा आरोहण मार्ग अन्वेषण, दलित तथा लोपोन्मुख जातजातिको संस्कृति अभिलेखीकरण, रैथाने खानाको अध्ययन, पदेन्ट दर्ता तथा संरक्षण कार्य भइरहेको छ ।

संस्कृति संरक्षणका लागि मन्त्रालयले विविध कार्यक्रम सञ्चालन गर्दै आएको सचिव सुवेदीले बताए । विभिन्न जातजातिका स्थानीय र रैथाने खानाको सांस्कृतिक महोत्सव, लोपोन्मुख नृत्य, बाजा, संगीतको अभिलेखीकरण तथा प्रवर्द्धन, श्रष्टा सम्मान कार्यक्रम, चलचित्र, नाटक, गायन, नृत्य र बाद्ययन्त्रकलाका कलाकारहरुको सम्मान, मूर्त तथा अमूर्त कलाको संरक्षण तथा प्रवर्द्धन, मातृभाषा तथा संस्कृत भाषाको संरक्षण तथा साहित्य प्रवर्द्धनमा मन्त्रालयले विशेष ध्यान दिएको उनको भनाइ छ ।

मन्त्रालयले पर्यटन प्रवर्द्धनका लागि तामाङ र नेपाल भाषामा अध्ययन गरिरहेका विद्यार्थीलाई शोध सहयोग, प्रदेश भाषा दिवस, प्रादेशिक साहित्यिक महोत्सवजस्ता कार्यक्रम सञ्चालन गर`को सचिव सुवेदीले बताए ।

'पर्यटन सूचना केन्द्रको स्थापना तथा प्रविधि उपयोग, पदमार्गहरुमा संकेत चिह्न स्थापन, होम स्टे सञ्चालकहरुलाई तालिम दिने काम भएको छ । वैदिक/पौराणिक ग्रन्थहरुमा उल्लेख गरिएका गन्तव्यमा पर्यटन प्रवर्द्धन गर्ने लयमा मन्त्रालय छ,' उनले भने, 'केबलकार, एम्युजमेन्ट पार्क, मनोरञ्जनात्मक स्थलको इजाजत तथा नियमन, पर्यटन मार्ग घोषणा तथा गन्तव्य परिचयात्मक कार्यक्रम कार्यान्वयनको चरणमा छन् ।'

सचिव सुवेदीका अनुसार मन्त्रालयले पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार विकासका लागि २ वटा कार्यालय मार्फत काम गरिरहेको छ । पूर्वाधार विकासका लागि पर्यटन विकास आयोजना हेर्दौंडा र पर्यटन विकास आयोजना इकाई कार्यालय काठमाडौंबाट काम भइरहेको उनले बताए । सो बाहेक पर्यटन कार्यालय काठमाडौंले पर्यटन प्रवर्द्धन र होटल व्यवसाय दर्ता नवीकरण तथा अन्य सेवामूलक काम गरिरहेको उनको भनाइ छ । पर्यटकको सहजताका लागि चितवनको सौराहा र काठमाडौंको ठमेलमा पर्यटन सूचना केन्द्र स्थापना गरी काम गर्दै आएको उनले बताए ।

प्रदेश सरकारले हालसम्ममभ ७ वटा आर्थिक वर्षको बजेट कार्यान्वयन गर्दा २ वटा कार्यालयबाट २ अर्बभन्दा बढी रकम पूर्वाधार विकासमा खर्च गरेको छ ।

'मन्त्रालयले प्याराडाइज बागमती एप निर्माण अन्तिम चरणमा पुऱ्याएको छ । एपमा सूचना तथा जानकारी प्रविष्ट गर्ने काम भइरहेको छ । दुरिजम बागमती वेबसाइट निर्माणको काम पनि जारी छ । जसमा पर्यटकीय गन्तव्यको जानकारीका विषय समावेश गरिने जनाइएको छ । 'चालु आर्थिक वर्षको अन्त्यमा मन्त्रालयले गरेका कामको सङ्ग्रह तयार गर्छौं र व्यवस्थित रुपमा उपभोगको वातावरण गर्छौं,' सचिव सुवेदीले भने ।

मन्त्रालयले पर्यटन प्रवर्द्धनका लागि चितवनमा डिजिटल बोर्डसहितको पर्यटन सूचना केन्द्र स्थापना गरेको र ठमेलमा आगामी साता स्थापना गर्ने तयारीमा रहेको उनले बताए ।

पर्यटन प्रवर्द्धनका लागि गन्तव्यको रूट तथा महत्व, स्रोत साधन, प्राकृतिक वातावरणको जानकारी समेत दिने गरी द्रामल बुक निर्माण भइरहेको सचिव सुवेदीको भनाइ छ । मन्त्रालयले गन्तव्य परिचय, लाङटाङ म्याराथन, साहसिक पर्यटनका लागि ्याफ्टिङ, साइक्लिङका कार्यक्रम सञ्चालन गरिएको उनले बताए । ऐतिहासिक महत्त्वका गढीहरुको श्रव्यदृश्य सामग्री निर्माण गरी डकुमेन्टेशनको काम भइरहेको उनले बताए ।

पर्यटन पूर्वाधार विकासमा २ अर्ब खर्च, म्यूटावर निर्माणमै जोड

प्रदेश सरकारले हालसम्ममभ ७ वटा आर्थिक वर्षको बजेट कार्यान्वयन गर्दा २ वटा कार्यालयबाट २ अर्बभन्दा बढी रकम पूर्वाधार विकासमा खर्च गरेको छ । मन्त्रालय अन्तर्गतको पर्यटन विकास आयोजना हेर्दौंडा र इकाई कार्यालय काठमाडौंले २ अर्ब ४९ करोड ८६ लाख रूपैयाँ खर्च गरेर पर्यटन पूर्वाधार तथा विभिन्न संरचना निर्माण गरेको छ ।

मन्त्रालयका सूचना अधिकारी अशेष खड्काका अनुसार संरचना निर्माणमा २ कार्यालयबाट उक्त र कम खर्च भएको हो । हेर्दौंडास्थित कार्यालयबाट २ अर्ब ३२ करोड १२ लाख र काठमाडौंबाट १७ करोड ७४ लाख रूपैयाँ खर्च भएको उनले बताए ।

पर्यटन विकास आयोजना हेर्दौंडाबाट भएको पूर्वाधार विकासको खर्च

मन्त्रालयले पर्यटन प्रवर्द्धनका लागि हालसम्म १० वटा म्यू टावर निर्माण गरेको छ । पर्यटन विकास आयोजना हेर्दौंडाबाट उक्त म्यू टावर तथा हिल स्टेसन निर्माण भएको हो । जस अनुसार चिम्टेश्वर मल्टीप्रपोज हल तथा म्यू टावर नुवाकोट, तोप्लाङ म्यू टावर धादिङ, खाँडादेवी म्यूटावर तथा सिंढीसहितको रेलिङ सिन्धुली, जिरी हिल स्टेसन तथा म्यू टावर दोलखा, सिद्धबाबा म्यू टावर सिन्धुली, ककनी हिल स्टेसन तथा म्यू टावर नुवाकोट, चित्लाङ हिल स्टेसन तथा म्यू टावर मकवानपुर, शिवालय हिल स्टेसन तथा म्यू टावर रामेछाप, काभ्रे रोशीचुली म्यू टावर काभ्रे र मुडे हिल स्टेसन तथा म्यू टावर सिन्धुपाल्चोक हुन् ।

ती संरचना सञ्चालनको चरणमा पुगिसकेको जानकारी दिँदै मन्त्रालयले छिटै नै सञ्चालनको विधि तयार गरेर अघि बढ्ने जानकारी दिएको छ ।

मन्त्रालय मार्फत पर्यटन प्रवर्द्धनका लागि विभिन्न धार्मिक क्षेत्रका मन्दिर तथा गुम्बा निर्माणको कामसमेत भएको छ । हेर्दौंडास्थित कार्यालयबाट हालसम्म ६५४ वटा संरचना निर्माण गरिएको छ भने काठमाडौंबाट पनि सोही अनुपातमा संरचना निर्माण गरिएको सूचना अधिकारी खड्काले बताए ।

२०८२ साउन ८ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

दुई सांसद, जो प्रदेश सभामा नबोलेरै बिताए आधा कार्यकाल

○ सुनिता विष्ट

मकवानपुर । बागमती प्रदेश सभाको दोस्रो कार्यकालको आधा समय सकिसकेको छ। ४ मंसिर २०७९ को आम निर्वाचनमा निर्वाचित भएर आएका सांसदहरुले १३ पुस २०७९ मा पद तथा गोपनियताको सपथ लिएसँगै प्रदेश सांसदहरुको कार्यकाल सुरू भयो। त्यसयता प्रदेश सभाको काम कारबाहीले निरन्तरता पायो।

प्रदेशमा रहेका १३ जिल्लाको ६६ प्रदेश निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित सांसद ६६ जना र समानुपातिक तर्फबाट निर्वाचित ४४ गरी कुल ११० सांसद छन्।

७ राजनीतिक दलको प्रतिनिधित्व रहेको बागमती प्रदेश सभाको पाँचवर्षे कार्यकालमा आधामन्दा बढी कार्यकाल पूरा हुनैलाग्दा पनि केही सांसदले सदनमा एक शब्द पनि नबोली समय कटाएका छन् ।

बागमती प्रदेश सभाको दोस्रो कार्यकालको छैठौं अधिवेशनसम्म आइपुग्दा प्रदेश सांसद लक्ष्मी देवी श्रेष्ठ र सुनिल केसीले कुनै धारणा नै नराखेको पाइएको हो ।

नेपाली कांग्रेसकी श्रेष्ठ मकवानपुर बाट समानुपातिक सांसद निर्वाचित भएकी हुन्। प्रदेश सभाको बैठकमा शतप्रतिशत उपस्थिती जनाएकी सांसद श्रेष्ठले दोस्रो कार्यकालको छैठौं अधिवेशनसम्म आफ्नो कुनै धारणा राखेको रेकर्ड प्रदेश सभा सचिवालयका नभएको बताइएको छ।

'उहाँको उपस्थिती हन्ड्रेड पर्सेन्ट नै छ। कुनै बैठक छुटाउनु भएको छैन,' प्रदेश सभाकी अधिकृत प्रतिज्ञा देवकोटाले भनिन्, 'तर उहाँले शून्य समय, विशेष समय कुनै बेला पनि सदनमा आफ्नो धारण प्रस्तुत गर्नुभएको रेकर्ड छैन। बोल्नुहुने सबै माननीयज्यूहरुको रेकर्ड हामीसँग सुरक्षित राख्ने गरिएको छ।'

यता, सदनमा बोल्दै नबोल्ने अर्का सांसद हुन् राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सुनिल केसी। काठमाडौंको ३ (१) बाट ६ हजार ५९८ मत ल्याएर प्रदेश सभाका सांसद पदमा निर्वाचित भएका हुन्।

बागमती प्रदेश सभाका पूर्व सभामुख सानुकुमार श्रेष्ठलाई १ हजार ५१९ मतान्तरले पराजित गरेर प्रदेश सभामा प्रतिनिधित्व गर्न आइपुगेका सांसद केसी सदनमा मौन छन्।

जनप्रतिनिधिका रुपमा निर्वाचित भएर प्रदेशसभा पुगेका यी सांसदहरुले जनताको सवालमा कुनै धारणा राख्न सकेका छैनन्। प्रदेश सभा बैठकमा उपस्थिती हेर्ने हो भने सांसद केसीलाई सदनप्रति वितृष्णा बढेको अनुमान गर्न सकिन्छ।

दोस्रो कार्यकालको छैठौं अधिवेशनसम्म आइपुग्दा सांसद केसी १७ वटा बैठकमा मात्रै सहभागी भएको प्रदेश सभाकी अधिकृत देवकोटाले जानकारी दिइन्। उनका अनुसार सांसद केसीले प्रदेश सभाको पहिलो अधिवेशनको प्रदेश सभा बैठकमा उल्लेख्य सहभागिता जनाएका थिए।

पहिलो अधिवेशनको ८ वटा बैठकमा सहभागी भएका सांसद केसीले दोस्रो अधिवेशनको ५ वटा बैठकमा सहभागी भएको तथ्यांक छ भने तेस्रो अधिवेशनमा एउटा बैठकमा सहभागी भएको बताइएको छ।

यस्तै, चौथो अधिवेशनमा ३ वटा बैठकमा सहभागी भएका सांसद केसी पाँचौं अधिवेशनको कुनै पनि बैठकमा सहभागी नभएको पाइएको छ। उनी छैठौं अधिवेशनको एउटा बैठकमा सहभागी भएको अधिकृत देवकोटाले जानकारी दिइन्।

सदनमा कमै उपस्थित हुने सांसद केसी प्रदेश सभा बैठकमा बोल्न नरूचाउने सांसदको सूचीमा छन्।

प्रदेशसभाको बैठक, नीति तथा कार्यक्रम, बजेट बहस, विधेयक छलफल वा जनहितका मुद्दामा समेत नबोल्ने जनप्रतिनिधिको भूमिकामाथि नै प्रश्न उठ्न थालेको छ। संसदीय अभ्यासअनुसार जनताको प्रतिनिधित्व गर्ने सांसदहरुले नीति निर्माण, बजेटको समीक्षा, कार्यपालिका प्रतिको निगरानी, तथा जनसमस्याका विषयमा आवाज उठाउने अपेक्षा गरिन्छ।

तर राजनीतिक दलले विश्वास गरेर टिकट दिएका र मतदाताको मन जितेर सदनमा पुगेका जनप्रतिनिधिको मौनताल उनीहरुको भूमिकामाथि प्रश्न उठ्ने गरेको छ।

सदनमा किन आफ्नो धारण केही प्रस्तुत गर्नुहुन्न? भन्ने प्रश्नमा नेपाली कांग्रेसकी सांसद लक्ष्मी देवी श्रेष्ठले बोल्न आवश्यक नरहेको बताइन्।

'सदनमा बोलेर जनतालाई खुसी पार्न सकिन्छ जसरी बोल्नुहुन्छ हाम्रा माननीयहरु। सदनमा बोलेर एकले अर्कालाई आरोप लगाउँदैमा विकास गर्न सकिने होइन,' उनले भनिन्, 'आफ्नै पार्टी सरकारको नेतृत्वमा छ। आफ्नै सरकार भएको बेला पनि किन गुनासो गर्नु भनेर नबोलेको। बोलेर देखाउँदैमा राम्रो हुने होइन। म सदनमा नबोले पनि राजनीतिमा सक्रिय छु। जनताको साथमै छु।'


लक्ष्मी देवी श्रेष्ठ र सुनिल केसी

चित्त नबुझेका कतिपय विषयहरुमा सदनमा नभएर संसदीय दलको बैठकमा राख्ने गरेको सांसद श्रेष्ठले बताइन्।

त्यस्तै, अर्का सांसद केसीले पनि आफ्नो निर्वाचन क्षेत्रका जनतासँग हातेमालो गरेर विकास निर्माणको काममा व्यस्त भएका कारण सदनमा बोल्न आवश्यक नठानेको बताए। आफू हरेक समय जनताको काममा व्यस्त हुने भएकोले सदनमा पुग्न र बोल्न नम्याएको उनको दाबी छ।

'बोलेर होइन, काम गरेर देखाउनपर्छ भनेर लागिरहेको छु,' उनले भने, 'म 'डाउन टु अर्थ' मान्ने व्यक्ति हुँ। सदनमा पुगेर हो हल्ला गर्दैमा गज्जब हुन्छ भन्ने मान्यता म राख्दिनँ। म प्रायजसो जनतासँग घरदैलोमै छु। उहाँहरुको दु:खको साथी बनिरहेको छु।'

निर्वाचनको ३ महिना अघि राप्रपा प्रवेश गरेर टिकट पाएका सांसद केसीले एमालेका प्रभावशाली नेता तथा बागमतीका पूर्वसभामुख सानुकुमार श्रेष्ठलाई पराजित गर्दै प्रदेश सभामा निर्वाचित भएका हुन्।

जनताको लोकप्रिय मत पाएर विजयी हुनुभएको सांसद सदनमा मौन बस्नुले मतदातामा निराशा पैदा गर्दैन? नेपालखबर को यो प्रश्नमा उनले हाँस्दै भने, 'अहिले सदनमा बोल्ने सांसदहरुको कुरा जनताले पत्याइरहेका होलान् त? म बोल्ने सांसदको लिस्टमा नपरे पनि जनताको दु:खको साथीको रूपमा चिनिएको छु।'

त्यसोत, मौन सांसदहरुको उपस्थिति प्रतिनिधित्वमन्दा पनि अनुपस्थितिको उदाहरण हुने राजनीतिज्ञहरु बताउँछन्। जनताको कर बाट तलब भत्ता पाउने जनप्रतिनिधिले सदनमा केही नबोल्नु उनीहरुको संवैधानिक कर्तव्यबाट विमुख भएको विश्लेषकहरुको ठहर छ।

जनताको प्रतिनिधित्व गर्न प्रदेशसभामा पुगेका सांसदहरु चुनावी घोषणापत्र, जनभावना र विकासका मुद्दामा बोल्न तयार नभएसम्म जनताप्रतिको उत्तर दायित्व पूरा हुन नसक्ने उनीहरुको भनाइ छ।

हावाहुरीबाट जोगिने उपाय

- घर लगायतका निर्माण संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी कसेर बाधौं ।
- गमलालाई सुरक्षित तरिकाले राखौं।
- जस्तापातालगायतका सामग्री खुल्ला र जथाभावी नछोडौं ।
- भीडभाडमा भएको बेला हावाहुरी चले भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं ।
- सवारीसाधन चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा जाऔं ।

सार्वजनिक हितको लागि

सहीखबर
saheekhabar.com

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८२ साउन ८ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

फर्टिलिटी सेन्टरमा किशोरीको डिम्बको व्यापार

स्वास्थ्यमा पर्न सक्छ यस्तो असर

कानुन बनाएर नियन्त्रण गर्न विज्ञको सुझाव, स्वास्थ्य मन्त्रालयले बनायो समिति

○प्रज्ञा तिम्सिना

किशोरीहरुबाट डिम्ब (अण्डा) निकालेर अर्को व्यक्तिमा प्रयोग गरेको आरोपमा असार ३९ गते नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले चिकित्सकसहित ५ जनालाई पक्राउ गऱ्यो।

१८ वर्षमुनिका किशोरीहरुको डिम्ब झिकेर व्यापारिक प्रयोजनमा उपयोग गरेको आरोपमा उनीहरुलाई थुनामा राखी अनुसन्धान गर्न प्रहरीले भोलिपल्ट अदालतमा उपस्थित गरायो।

तर, काठमाडौँ जिल्ला अदालतले थुनामा राखेर अनुसन्धानका लागि अनुमति दिन अस्वीकार गरिदियो। अदालतले थुनामा राख्न अनुमति नदिए पनि सीआईबीले अनुसन्धान रोकेको छैन। क्लिनिकका सञ्चालक, चिकित्सक र अन्य कर्मचारीलाई हाजिरी जमानीमा राखेर सोधपुछ र अनुसन्धान गरिरहेको छ।

काठमाडौँको बबरमहलस्थित होप फर्टिलिटी एन्ड डायग्नोस्टिक प्रालिको टिममाथि अनुसन्धान भइरहेको सीआईबीका प्रवक्ता एसपी युवराज खड्काले बताए। उनीहरुमाथि आर्थिक प्रलोभनमा पारेर अवैध डिम्ब बेचबिखन गरेको आरोप छ।

जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख रामहरि शर्मा काफ्लेले अहिले बालबालिका ऐनअन्तर्गतका कसुरमा अनुसन्धान चलिरहेको र अनुसन्धान गर्दै जाँदा पछि अन्य कसुर पनि स्थापित भए त्यसैअनुसार अभियोजन गर्न सकिने नेपालखबरसँग बताए।

'हाजिरी जमानीले छोडे पनि उनीहरुमाथि बालबालिका ऐन अन्तर्गत अनुसन्धान भइरहेको छ,' काफ्लेले भने, '१८ वर्षमुनिका बालबालिकामा डिम्बको कारोबार भएकाले बालबालिका ऐन त आकर्षित हुन्छ नै, भोलि अन्य कसुर पनि स्थापित हुन सक्ने हुन्छ। मुद्दा दर्ता भइसकेको छैन। अनुसन्धानकै चरणमा छ।'

सीआईबीका अनुसार अहिलेसम्म दुईजना किशोरीले आफूलाई औषधि दिएर डिम्ब निकाल्ने गरेको भन्दै उजुरी दिएका छन्।

अनुसन्धानको खुलासा : यसरी गरिन्थ्यो डिम्बको व्यापार

रजस्वला भएको तेस्रो दिन एजेन्ट मार्फत किशोरीहरुलाई होप फर्टिलिटी एन्ड डायग्नोस्टिक प्रालिमा लैजाने गरिथ्यो। किशोरीहरुलाई १० दिनसम्म राखेर र नाइटोवरपर १० वटा सिरिन्ज लगाउने गरिन्थ्यो। १३ औँ दिनमा बेहोस बनाएर ओभरीमा जम्मा भएको डिम्ब निकालेर नि:सन्तानहरुलाई ट्रान्सफर गरिन्थ्यो।

किशोरीहरुमा महिनावारी हुने बित्तिकै सुई लगाउने र डिम्बाशयलाई हर्मोनको माध्यमबाट विस्तार गरेर धेरै अण्डा बनाउने गरिन्थ्यो। यो गरेबापत किशोरीलाई १५ हजारसम्म दिने गरिन्थ्यो।

यसो गरिरहँदा किशोरीहरुमा अनेक स्वास्थ्य समस्या देखिन थाल्यो। किशोरीहरु दुब्लाउने, खाना अरूचि हुने र महिनावारीमा गडबडी हुन थालेपछि यो घटना उनीहरुको अभिभावकसम्म पुगेको थियो। घटनाको विवरण लिएर अभिभावक सहित ३ किशोरी ब्युरोमा उजुरी दिन पुगेका थिए।

डिम्ब निकाल्नमा संलग्न प्रसूति रोग तथा आईभीएफ विशेषज्ञ डा स्वस्ति शर्मा, असीम अधिकारी, मालिनी चौधरी, अलिसा ओली र जस्टिना प्रधान पक्राउ परेका थिए। तर, कानुन नभएका कारण काठमाडौँ जिल्ला अदालतले थुनाबाहिर नै राखेर अनुसन्धान गर्न भनेपछि उनीहरुलाई हाजिरी जमानीमा छोडिएको हो।

डिम्ब निकाल्न सकिने किशोरी खोजिदिने एजेन्टलाई ४० हजार दिने गरेको र नि:सन्तान दम्पतीहरुले क्लिनिक सञ्चालकहरुलाई ३० लाखसम्म तिर्ने गरेको प्रहरी अनुसन्धानमा भेटिएको छ।

सीआईबीले क्लिनिक सञ्चालकहरुले कृत्रिम गर्भधारण (आईभीएफ) प्रविधिको नाममा कानुन विपरीत किशोरीहरुको डिम्ब निकालेर बेचेको आरोपमा अनुसन्धान गरिरहेको छ।

स्वास्थ्य मन्त्रालयले पनि सुरू गऱ्यो अनुसन्धान

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले १८ वर्षमुनिका किशोरीहरुको डिम्बको कारोबार गरेको घटना बाहिर आएपछि निसन्तान उपचार केन्द्रका नाममा खुलेका दुई सेन्टरमाथि छानबिन सुरू गरेको छ।

मन्त्रालयले होप फर्टिलिटी एन्ड डायग्नोस्टिक प्रालि र एन्जल फर्टिलिटी क्लिनिकको छानबिनका लागि समिति गठन गरेको हो।



एआईनिर्मित सांकेतिक तस्बिर

प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा ज्वाला थापाको संयोजकत्वमा गठित तीन सदस्यीय समितिमा मन्त्रालयमा कार्यरत डा सुनिता लम्साल र कानुन अधिकृत सुरेश चौलागाईं सदस्य छन्।

कानुनको अभाव

नेपालमा डिम्बदान सम्बन्धी कानुन बनाउन विज्ञहरुले सुझाव दिएका छन्। १८ वर्षमुनिका किशोरीहरुको डिम्बको कारोबार गरेको घटना बाहिर आएपछि विज्ञहरुले कुन उमेर समूहलाई वीर्य र डिम्बदान गर्न दिने भन्ने विषयमा छलफल गरी ठोस नीति बनाउनुपर्ने जनस्वास्थ्य विज्ञहरु बताउँछन्।

भेरी अस्पतालका वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा कीर्तिपाल सुवेदी वीर्य र डिम्ब दान प्रक्रियालाई सुरक्षित र व्यवस्थित बनाउनुपर्ने बताउँछन्।

'हामीले कल्पना गर्ने नसक्ने घटना घटेको छ, यसले डिम्बको माग र आवश्यकतालाई पनि बुझाउँछ, यसले निसन्तानको समस्यामा नयाँ बहस सुरू गरेको छ। यस्ता घटनालाई नियन्त्रण गर्ने हो भने कानुनी प्रावधान बनाउनुपर्छ,' डा सुवेदी भन्छन्, 'डिम्बदान गलत होइन, तर किशोरीबाट लिनु गलत हो।'

आर्थिक प्रलोभनमा परेर किशोरीहरुले डिम्बदान गर्दा उनीहरुमा स्वास्थ्य समस्या देखिनसक्ने उनको भनाइ छ।

'भारतमा पनि ३१ वर्षमाथिका विवाहित र सन्तान भइसकेका महिलाले दिन पाउँछन्। यो प्रक्रिया गलत होइन तर गलत व्यक्तिमा गरियो त्यो गलत हो,' उनले भने, 'कति वर्षपछि डिम्बदान गर्न पाउने, कति वटा सन्तान जन्माएका महिलाबाट लिने भन्ने विषयमा बहस गर्न पर्छ, निसन्तान समस्या बढ्दो छ। कानुनी प्रावधान नभए भविष्यमा पनि यस्ता घटना आउन सक्छन्।'

ढिलो विवाह, बच्चा ढिलो योजना बनाउनु, जीवनशैलीका कारण निसन्तापनको समस्या बढ्दो रहेकाले सन्तान प्राप्तिका लागि अवैधानिक घटना हुन सक्नेमा अब सबैको ध्यान जानुपर्ने उनले बताए।

'निसन्तापनको समस्या भएकालाई अरूको डिम्ब चाहिने रैछ भन्ने सन्देश दिएको छ। साथै कानुनी प्रावधान नभएका कारण लुकिछिपी गर्नुपरेको अवस्था उजागर गऱ्यो,' उनले भने, 'त्यसकारण पनि हामीलाई कानुन चाहिन्छ।'

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अनुसार देशभर ३५ वटा आईभीएफ सेन्टर दर्ता भएर सञ्चालनमा छन्। आईभीएफ सेन्टर को मन्त्रालय अन्तर्गतको गुणस्तर मापन तथा नियमन महाशाखाले अनुगमन गर्छ। महाशाखाका अनुसार धेरै आईभीएफ सेन्टर काठमाडौँ उपत्यकामा सञ्चालित छन्। काठमाडौँमा १६ र ललितपुरमा ६ वटा, पोखरामा दुई, पर्सा, रुपन्देही र विराटनगरमा एकएकवटा छन्। कतिपय सेन्टरले कानुनी छिद्रको फाइदा उठाउँदै किशोरीको शरीर लाई प्रयोगशाला बनाएको पाइएको छ।

डिम्ब निकाल्दा किशोरीको स्वास्थ्यमा भयानक असर

कलिलो उमेरका किशोरीको डिम्ब जथाभावी झिक्दै जाने हो भने पछि उनीहरुमा डिम्ब बाँकी नरहने चिकित्सक बताउँछन्।

वरिष्ठ स्त्रीरोग विशेषज्ञ सुवेदी प्रत्येक महिनावारीमा महिलाको डिम्ब खेर जाने र डिम्ब सकिएपछि महिनावारी सुक्न सक्ने जोखिम रहेको बताउँछन्।

'डिम्ब निकाल्ने औषधि प्रयोग गर्दा धेरै डिम्ब निस्कने भएकाले किशोरीको प्रजनन् क्षमतामा असर गर्न सक्छ। विवाह नगरेका, सन्तान नजन्माएका किशोरीको डिम्ब जथाभावी झिक्दै जाने हो भने भोलि उनीहरुका लागि नै डिम्ब बाँकी नरहन सक्छ,' सुवेदीले भने, 'अविवाहित र यौन क्रियाकलापमा सक्रिय नभएका किशोरीको योनीबाट अल्ट्रासाउन्ड गर्ने ब्रोप राखेर डिम्ब झिक्नु पर्छ, त्यो गाह्रो कुरा हो। आरोपित चिकित्सकहरुले कुन प्रयोग प्रयोग गर्नुभयो। किशोरीबाट डिम्ब निकाल्नु जोखिमयुक्त नै हो त्यसले उनीहरुको स्वास्थ्यमा असर पार्छ।'

त्यस्तै डिम्ब निकाल्न दिइने औषधिले पनि पछि के असर गर्छ भन्न नसकिने उनको भनाइ छ। डा सुवेदी पुरूषको शुक्रकीट बन्ने र महिलाको डिम्ब बन्ने प्रक्रिया फरक भएकाले जथाभावी डिम्ब निकाल्न नमिल्ने बताउँछन्।

'पुरूषहरुमा नियमित रुपमा शुक्रकीट बन्ने प्रक्रिया चलिरहन्छ तर डिम्बमा त्यस्तो नियमित प्रक्रिया हुँदैन,' उनले भने, 'डिम्बको सञ्चिति कम भएमा महिनावारी चाँडै सुक्ने र महिनावारी चाँडै सुक्दा हाड पातलो हुने, योनीमा सङ्क्रमण हुने, रक्तश्राव हुने, हार्मोनमा गडबडी भई पछि अण्डा नै उत्पादन नहुन सक्छ।'

विदेशमा के छ प्रावधान?

विश्वमा सन् १९७८ मा आईभीएफ विधि सुरू भए सँगै डिम्ब दान सम्बन्धी अनुसन्धान सुरू भएको मानिन्छ। सन् १९८४ मा डिम्बदानबाट पहिलोपटक बच्चा जन्माइएको थियो। अमेरिकाबाट सुरू भएको डिम्बदानको व्यवस्था हाल केही देशहरुमा लागू गरिएको छ।

दक्षिण एसियाली देशहरुमा भारतमा मात्र डिम्बदान गर्ने कानुनी प्रावधान छ। भारतमा २१ वर्ष पुगेका विवाहित र बच्चा जन्माइसकेका महिलाले डिम्बदान गर्न पाउँछन्।

कस्तो अवस्थामा चाहिन्छ अरूको डिम्ब?

वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा श्रीप्रसाद अधिकारी पछिल्लो समय ढिला विवाह गर्ने तथा ढिला बच्चा जन्माउने, असुरक्षित यौन सम्पर्क, असुरक्षित गर्भपतन, जथाभावी गर्भनिरोधक औषधिको सेवन, मोटोपन, असन्तुलित खानपान, मद्यपान, धूम्रपान आदिका कारण बाँझोपनको समस्या बढ्दै गएको बताउँछन्।

महिलाको नियमित महिनावारी भइरहेको छ भने गर्भाशयमा महिनामा एकपटक अण्ड उत्पादन हुन्छ। महिनावारी भएको दिनबाट गन्ती गर्दा १४ दिनमा अण्डा उत्पादन हुन्छ। केही महिलामा योनी मार्ग, पाठेघरको मुख, पाठेघरको बनावट, डिम्बवाहिनी नलीको अवस्था ठीक नभएमा, डिम्ब धेरै उत्पादन हुने तर परिपक्व नहुँदा, पाठेघरको बनावटमा जन्मजात खराबी भएमा र पाठेघरको भित्री तहमा मासु पलाएमा अण्डा उत्पादन नभएर बच्चा नहुन सक्छ।

सामान्यतया विवाहित दम्पती एक वर्षसम्म सँगै बसेर कुनै अस्थायी साधन प्रयोग नगरी शारीरिक सम्पर्क गर्दा पनि गर्भाधान नभए त्यसलाई नि:सन्तान समस्या वा बाँझोपन भनिन्छ।

नि:सन्तानको समस्या भएका महिलाको पाठेघरको सुरुवाती अवस्थालाई विस्तृत अध्ययन गरी महिनावारी हुने बित्तिकै सुई लगाइन्छ र उसको डिम्बाशयलाई हर्मोनको माध्यमबाट विस्तार गरेर अण्डा बनाइन्छ। तर, केही महिलामा डिम्ब (अण्डा) नै उत्पादन नहुने समस्या हुन्छ। पाठेघरले अण्डा उत्पादन नगरेपछि अन्य महिलाको अण्डा आवश्यक पर्छ। सो अवस्थामा अन्य महिलाको निकालेर प्रजनन् गराउने गरिन्छ।

उपयोगी जानकारी भएकोले रातोपाटीबाट साभार गरिएको ।

“शिक्षा परीक्षा पास गर्नु मात्र हैन, जीवन बुझ्ने कला हो”



○सहीखबर संवाददाता

मकवानपुर । शिक्षा केवल परीक्षा पास गर्नु मात्र नभई, जीवन बुझ्ने कला भएको बागमती प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले बताउनु भएको छ । नीजि तथा आवाशीय विद्यालय अर्गनाईजेशन नेपाल (प्याव्सन नेपाल) मकवानपुरले २०८१ सालको एसइई २०८१ परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीको सम्मानमा आयोजित कार्यक्रमका उहाँले यस्तो बताउनु भएको हो ।

शिक्षा सुखद् गन्तव्य तिर को यात्रा भएको बताउनु हुँदै उहाँले एसइई'मा सफलता हासिल गरेकालाई बधाई ज्ञापन गर्नुभयो । “विद्यार्थीहरु असिमित क्षमताले भरिपूर्ण हुनुहुन्छ, तपाई मित्रका क्षमताको तस्बीर खिच्ने कुनै क्यामेराको आबिष्कार भएको भए तपाई विद्यार्थीहरु आफ्नो क्षमता थाहा पाएर दङ्ग पर्नुहुन्थ्यो र तपाईका अभिभावक कुर्सीमा बसेर मुसुमुसु हाँस्नुहुन्थ्यो होला” उहाँले भन्नुभयो । “नतिजा उत्कृष्ट ल्याउन योगदान गर्ने गुरूजन, अभिभावक, विद्यालय प्रशासन र विद्यार्थीले झेलेका कठिनाइहरु पनि सहयात्री हुन् उहाँले भन्नुभयो “विद्यार्थी आजको विद्यार्थी मात्र होइन, भोलिको नीति निर्माता, वैज्ञानिक, समाज सुधारक बन्न सक्ने सम्भावना बोकेका नागरिकहरु हुन् ।”

विद्यार्थीबाट परिवार, समाज र राष्ट्रले तपाईहरुबाट धेरै अपेक्षा राखेको उहाँले स्मरण गराउनु भयो । मेहनतकर्मी सन्ततिको उज्ज्वल भविष्यको दियो बालेर बस्ने आमाबुवाको सपना तुहाउने छुट तपाईहरुलाई नभएको उहाँले बताउनुभयो।

विद्यार्थीमा मेहनत, अनुशासन र संस्कारको जग बसिसकेकोले अध्ययनलगायत जीवनका बाँकी परीक्षाहरुमा खरो उत्रिने आशा आफूले लिएको देवकोटाले बताउनुभयो ।

कार्यक्रममा प्याव्सन मकवानपुर प्रमुख सल्लाहकार मदन दाहालले शिक्षा विकासको लागि निजि स्कुलको योगदान अद्वितीय रहेको बताउनुभयो ।

प्याव्सन मकवानपुर अध्यक्ष विनोद सुबेदीको अध्यक्षतामा भएको सम्मान कार्यक्रममा मकवानपुरबाट ३.६ देखि ४ जीपीए प्राप्त गरी एसइई २०८१ पास गर्ने विद्यालय र विद्यार्थीलाई सम्मान गरिएको थियो ।

हेपाटाइटिस रोगबाट बचौं

- हेपाटाइटिस कलेजोमा हुने एक प्रकारको संक्रमण हो,
- यस्तो संक्रमणले कलेजो बिग्रन सक्छ,
- हेपाटाइटिस A, B, C, D, र E गरी पाँच प्रकारका हुन्छन् ।

यसका लक्षणहरू:

- थकान महसुस हुने,
- पेट दुख्ने,
- आँखाको सेतो भाग पहेँलो हुने (जन्डिस देखिने),
- वान्ता वा खानामा अरुचि हुने,
- तौल घट्ने जस्ता लक्षण देखिन सक्छन् ।

हेपाटाइटिसबाट बच्न:

- सफा पानी पिउने.
- स्वच्छ खाना खाने.
- सुरक्षित यौन सम्पर्क गर्ने ।
- हेपाटाइटिस विरुद्धको खोप लगाउने,
- संक्रमितको रगत तथा सुईबाट टाढा रहने,

नेपाल सरकार
विज्ञापन बोर्ड

मानव अधिकार आयोगद्वारा प्रदेश प्रमुखलाई प्रतिवेदन पेश

मानव अधिकारको अवस्था छैन सन्तोषजनक

○सहीखबर संवाददाता



मकवानपुर । मानव अधिकार हरेक नागरिकको जन्मसिद्ध अधिकार हो । ती अधिकारहरूको सम्मान, संरक्षण तथा सम्बर्द्धन गर्नु राज्यको दायित्व हो । मानव अधिकारको संरक्षण तथा सम्बर्द्धनलाई प्रभावकारी बनाउन नेपालको संविधान २०७२ भाग २५ को धारा २४८ ले राष्ट्रिय मानव अधिकार आयोगको व्यवस्था गरेको छ । जसले मानव अधिकार हनन भएको सवालमा उजुरी लिने, अनुसन्धान गर्ने, कारवाहीको लागि उपल्लो निकायमा सिफारिस गर्ने जस्ता काम गर्दै आएको छ ।

बागमती प्रदेशमा मानव अधिकार हननको सवाल कमजोर बन्दै आएको तथ्याङ्कले देखाएको छ । अपाङ्गताको सवाल, बालअधिकार महिला अधिकार, छुवाछुतका सवाल, उपभोक्ता अधिकारको सवालहरू विगतमा भन्दा पछिलो बन्दै आएको आयोग बागमती प्रदेश कार्यालयले जनाएको छ ।

आयोगको बागमती प्रदेश कार्यालयमा आ.व. २०८१२०८२ मा मानव अधिकारको हनन भएकोमा २२ वटा उजुरी दर्ता भएको आयोग बागमतीको प्रमुख उपसचिव पवन कुमार भट्टले बताउनु भयो । आयोगमा हाल ५२७ वटा पुराना उजुरीहरू छन । गत आवमा आयोगले ७५ वटा उजूरीमा अनुसन्धान गरेको थियो । अनुसन्धान सम्पन्न गरी अन्तिम निर्णयकोलागि ३६ थान उजुरी फाइल केन्द्रीय कार्यालयमा पठाइएको भट्टले जानकारी दिए ।

यस बर्ष आयोगले मानव अधिकारको अवस्थाको सम्बन्धमा सिन्धुपाल्चोक, रसुवा, रामेछाप जिल्लामा र नेपाल सरकारको मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाको अवस्थाको बारेमा रामेछाप, दोलखा, सिन्धुपाल्चोक, चितवन, मकवानपुर जिल्लामा तथा विश्वव्यापी आवधिक पुनरावलोकनबाट प्राप्त सिफारिस कार्यान्वयनको अवस्थाका सम्बन्धमा मकवानपुर, सिन्धुपाल्चोक र चितवन जिल्लामा अनुगमन कार्य सम्पन्न गरेको थियो । आयोगले दोलखा रामेछाप चितवन, धादिङ, रसुवा तथा मकवानपुर जिल्लामा प्रहरी हिरासत कक्ष र रसुवा कारागार कार्यालयको अनुगमन गरेको भट्टले बताउनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगको रणनीतिक योजना २०२१/२६ ले सरोकारवालासँग समन्वय र सहकार्यलाई महत्वपूर्ण स्थान दिए अनुरूप बागमती प्रदेश कार्यालयले पनि समय समयमा यस क्षेत्रका संघ संस्था, मानव अधिकार कर्मी, पत्रकार, नागरिक समाज, पेशागत संघ संगठन, संघ संस्था तथा तीनै तहका सरकारसँग मानव अधिकारको अवस्थाको बारेमा छलफल अन्तर्किया कार्यक्रम गरी मानव अधिकारको संरक्षण तथा संस्कृतिको विकासको लागि कार्य गर्दै आएको उहाँले बताउनु भयो ।

स्थानीय सरकारले मानव अधिकारमुखी विकास पद्धतीलाई केन्द्रविन्दुमा राख्नु पर्ने कुरामा जोडदिदै आयोगले सिन्धुली जिल्लाको ६ वटा स्थानीय तहमा मानव अधिकार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको उहाँले बताउनु भयो ।

सवारी दुर्घटना, बाढी पहिरो जस्ता दैविप्रकोपबाट पनि वर्षेनी नागरिकले ज्यान गुमाउनु परेको छ । द्वन्द्वकालिन घटनाहरूको हालसम्म पनि सम्बोधन हुन सकेको छैन । लैगिंक तथा यौनिक अल्पसंख्यक, मनोसामाजिक अपाङ्गता भएका व्यक्ति गाउँ समाज र सरकारले हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तनको खाँचो छ । उनीहरूको एकिन तथ्यांकको समेत अभाव छ । आप्रवासीको अधिकार को कुरा गर्दा विदेश पठाईदिने निहुमा ठगिएका, विदेश गएर तलव नपाएका, स्वस्थ्य मान्छे बिमारी भएर रित्तो हात घर फर्कि आएका तमाम घटना यस प्रदेशमा छन ।

'उपभोक्ता अधिकारको अवस्था कहालि लाग्दो छ' उहाँले भन्नुभयो । नागरिकले स्वच्छ तथा गुणस्तरीय वस्तुको उपभोग गर्न नपाएको उहाँले बताउनुभयो ।

यसैबिच आयोगले आर्थिक वर्ष २०८१२०८२ को प्रगति विवरण समेटीएको वार्षिक प्रतिवेदन बागमती प्रदेश प्रमुख दीपक प्रसाद देवकोटालाई बुझाएको छ । नेपालको संविधानको धारा २९४ को उपधारा ९१० बमोजिम संवैधानिक निकायले आफुले गरेको काम, कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष प्रस्तुत गर्न लगाउने व्यवस्था रहेको छ । प्रदेश प्रमुख देवकोटाले आयोगको प्रतिवेदन ग्रहण गर्नुहुँदै माव अधिकारका हरेक सवालमा संवेदनशील हुनु पर्ने बताउनु भयो । आयोगलाई अफ्ह्यारा भएका सवालमा सरकारलाई सुझाव पेश गर्नको लागि समेत प्रमुख देवकोटाले आग्रह गर्नु भयो ।

संविधान धारा २९४ को उपधारा ९३० मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा छुट्टाछुट्टै प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्ने व्यवस्था रहे बमोजिम प्रदेश प्रमुखलाई प्रतिवेदन बुझाइएको हे । राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयले विगत आ.व२०७५/०७६ देखि हालसम्म निरन्तर आफ्नो प्रतिवेदन प्रदेश प्रमुखज्यू समक्ष पेश गर्दै आइरहेको र हरेक प्रतिवेदनमा समस्या औल्याएर पठाउने गरिएको भएता पनि उपलब्धि खासै नहुने गरेको आयोगले जनाएको छ ।

घर परिवार, गाउँ समाज, कार्यालय राजनीतिक दललगायत सबैतिर ईमान्दारिता र नैतिकताको अभाव हुँदा मानव अधिकार संस्कृतिको विकास हुन नसकेको प्रतिवेदनमा उल्लेख छ । स्वास्थ्य सेवा सबैका लागि पहुँच योग्य तथा सर्वशुलभ हुन सकेको छैन । समाजमा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिको हेरचाह र उपचार सुनिशचित हुन नसकेको प्रतिवेदमा उल्लेख छ । अस्पतालको वातावरण समेत बिमारी तथा कुरूवा मैत्री नभएको प्रतिवेदनमा उल्लेख छ ।

बागमती प्रदेशको सार्वजनिक स्थल, यातायातका साधन अपाङ्गमैत्री नहुन अपांगता भएका व्यक्तिको अधिकार समेत प्रत्यभुत भएको छन । 'घर परिवार तथा विद्यालयमा बालबालिका माथि हिंसाका घटना भईरहेका छन, बालश्रम मुक्त वडा, वालश्रम मुक्त थानीय तह घोषणाले निरन्तरता पाए पनि बाल श्रम, विवाह गाउँ समाजमा कायमै छ' भट्टले भन्नुभयो । यसैगरी बालबालिका यौनजन्य हिंसाका शिकार भईरहेको उहाँले बताउनु भयो । 'जातीय छुवाछुत तथा विभेदका घटना ग्रामिण भेगमा मात्र हैन शहरी क्षेत्रमा पनि भईरहेका छन' भट्टले भन्नुभयो ।